**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ६८ मितिः २०७९/१२/२२

**भाग-२**

**त्रिवेणी गाउँपालिका**

## त्रिवेणी गाउँपालिका भू-उपयोग कार्यान्वयन कार्यविधि, २०७९

आज्ञाले,

नामः प्रेम बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत

# भू-उपयोग कार्यान्वयन कार्यविधि-२०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः२०७९।१२।२१**
**प्रमाणित मितिः २०७९/१२/२२**

**प्रस्तावनाः**

त्रिवेणी गाउँपालिका भू-उपयोग कार्यक्रम सच्चालन भू-उपयोग क्षेत्र, भुमिको वर्गीकरण, भू-उपयोग योजना तर्जुमा गर्नको लागि भू- उपयोग कार्यान्वयन समिति गठन गरी जनशक्तिको उचित व्यवस्थापन गरी कार्य संचालन गर्नको लागि कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन,२०७६ को दफा,२९ ले दिएको अधिकार प्रयोग गरि त्रिबेणी गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"भू-उपयोग कार्यान्वयन कार्यविधि, २०७९"** रहेको छ।

ख. यो कार्यविधि त्रिवेणी गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट त्रिवेणी गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क)**"ऐन"** भन्नाले भू-उपयोग ऐन,२०७६ लाई सम्झनु पर्दछ।

(ख)**"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) **"कार्यपालिका"** भन्नाले त्रिवेणी कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) **"कार्यान्वयन समिति"** भन्नाले ऐनको दफा १६ बमोजिम स्थानीय भू-उपयोग कार्यान्वयन समिति सम्झनु पर्छ।

(ङ) **"आबासीय क्षेत्र"** भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठा, भकारी, ग्योरज, तवेला, इनार, फलफुल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोवासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ।

(च) **"औद्योगिक क्षेत्र"** भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि छुट्याइएको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउछ।

(छ)**"कृषि क्षेत्र"** भन्नाले कृषि बाली उत्पादन, पशु/पन्छी पालन, फार्महाउस, मत्यस्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन,वागवानी वा वनबाटीका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ।

(ज) **"खानी तथा खनिज क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्पादन,शुद्धीकरण, प्रशोधन,सञ्चालन गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

(झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) **"भू-उपयोग"** भन्नाले भूमिको उपयोग सम्झनु पर्छ।

(ट) **"भू-उपयोग क्षेत्र"** भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

(ठ) **"भू-उपयोग क्षेत्र नक्सा"** भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ।

(ड) **"भू-उपयोग योजना"** भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ।

(ढ) **"भूमि"** भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरूत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ।

(ण) **"वन क्षेत्र"** भन्नाले प्रचलीत कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ।

(त) **"व्यावसायिक क्षेत्र"** भन्नाले बैङ्क, सहकारी र बितिय संस्था, पसल, होटल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्रविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(थ) **"सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र"** भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्त्विक महत्वका क्षेत्र भनि तोकिएका कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(द) **"सार्वजनिक उपयोगको क्षेत्र"** भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, अन्त्येष्टि स्थल, सडक, सिँचाइ, कूलो वा नहर, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थत, गौचरण, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएको भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(ध) **"स्थानीय भ-उपयोग परिषद"** भन्नाले ऐन दफा १४ बमोजिमको स्थानीय भू-उपयोग परिषद सम्झनु पर्छ।

## ३. स्थानीय भू-उपयोग परिषदको काम, कर्तव्य र अधिकार र सचिवालयः

स्थानीय भू-उपयोग परिषदको काम, कर्तव्य र अधिकार ऐनको दफा १५ अनुसार हुनेछन्।

## ४. कार्यान्वयन समितिको स्थापना, काम, कर्तव्य र अधिकार र सचिवालयः

(क) ऐनको दफा १६ अनुसार त्रिवेणी गाउँपालिकामा भू-उपयोग कार्यक्रम सञ्चालन, भू-उपयोग क्षेत्र, भूमीको वर्गिकरण, भू-उपयोग योजना तर्जुमा गर्नको लागि भू-उपयोग कार्यान्वयन समिति स्थापना गरिने छ।

(ख) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार ऐनको दफा १६ को उपदफा (३) बमोजिम हुनेछन्।

(ग) उद्देश्य बमोजिमको कार्य गर्नको लागि आवश्यक जिन्सी उपकरण व्यवस्थापन गाउँपालिकाले गर्नेछ।

(घ) स्थानीय भू-उपयोग कार्यान्वयन समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ।

(ङ) कार्यान्वयन समितिको कार्य सञ्चालनको लागि सम्बन्धित शाखा प्रमुखहरुको सहभागितामा कार्यदल गठन गर्न सकिनेछ।

(च) कार्यदलले गाउँपालिका भित्रको भूमिको वर्गीकरणमा समन्वय र सहजता ल्याउने छ।

## ५. कार्यन्वयन समितिको बैठक र निर्णय प्रक्रियाः

(क) कार्यन्वयन समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार अन्य समयमा बसि आवश्यकतानुसार निर्णयहरु गर्न सक्नेछ।

## ६. जनशक्ति व्यवस्थापन र पारिश्रमिकः

(क) दफा ४ उपदफा (१) बमोजिमको काम गर्नको लागि गाउँपालिकामा कार्यरत कर्मचारी मध्येबाट आवश्यतानुसार कर्मचारी प्रमुख प्रशासकीय अधिकृतले तोक्न सक्नेछन्।

(ख) उपदफा क बमोजिम कर्मचारी बाहेक अन्य आवश्यक कर्मचारी र विषयसँग सम्बन्धित विज्ञ निश्चित समयका लागि गाउँपालिकाले प्रचलित कानून बमोजिम पारिश्रमिक/भत्ता उपलब्ध गराउने गरि कामकाजमा लगाउन सकिनेछ।

(ग) समिति र अन्य खटाइएको कर्मचारी आफ्नो जिम्मेवारी र कार्यसम्पादको लागि गाउँकार्यपालिका प्रति उत्तरदायी र जवाफदेही रहनेछन्।

(घ) दफा ५ र दफा ६ को खण्ड (क) र (ख) बमोजिम बैठक भत्ता र पारिश्रमिक प्रचलित कानून बमोजिम हुनेछ।

## ७. सेवा सुविधाः

गाउँपालिकामा कार्यरत कर्मचारीले कार्यालय समयका अतिरिक्त र आवश्यकतानुसार सार्वजानिक विदाको दिन समेत भू-उपयोग कार्यक्रम सञ्चालन, भू-उपयोग क्षेत्र, भूमिको वर्गिकरण, भू-उपयोग योजनाका कार्यहरु गर्नुपर्नेछ र सो काम गरे बाफत कार्यालयमा खटिएका कर्मचारीहरुले अवधिभर गाउँपालिकाले तोकेको प्रचलित कानून बमोजिम सुविधा पाउनेछ।

## ८. भू-उपयोग क्षेत्र वर्गिकरणका आधार, मापदण्ड र क्षेत्रफलः

भू-उपयोग क्षेत्र वर्गिकरण गर्ने आधार र मापदण्ड गाउँपालिकाले निर्माण गरी सोहि अनुसार कार्य अगाडि बढाइने छ।

## ९. भू-उपयोग क्षेत्र परिवर्तनका लागि निवेदन दिन सक्नेः

(क)भू-उपयोग ऐन २०७६ को दफा ९ को उपदफा (२) बमोजिम कुनै व्यक्तिले आफ्नो हकभोगमा रहेको जग्गा निर्धारित प्रयोजन भन्दा फरक प्रयोजनको लागि प्रयोग गर्नु परेमा सो को आधार र कारण खुलाइ गाउँपालिकाले तोकेको राजश्व बुझाई भू उपयोग परिवर्तन गर्न अनुसूचि २ बमोजिमको ढाँचामा त्रिवेणी भू-उपयोग परिषदमा निवेदन दिन सकिनेछ

(ख)खण्ड क अनुसार परेको निवेदन

(ग) पेश भएको निवेदन भू-उपयोग ऐन २०७६ को परिच्छेद ३ को दफा ९ अनुसार कारवाही हुनेछ।

## १०. भू-उपयोग वर्गिकरण सम्बन्धि विवाद समाधान गर्नेः

(क)कार्य सञ्चालनका बखत कुनै किसिमको विवाद देखिएमा वडा कार्यान्वयन समितिमा सम्बन्धित वडाको रोहवरमा बैठक बस्ने छ र स्थलगत निरिक्षण गरी विवाद सम्बन्धमा छलफल गरिने छ।

(ख)वडा भू-उपयोग परिषदबाट समाधान नभएको खण्डमा आएको विवादको जानकारी स्थानीय भू-उपयोग परिषदलाई यथासिघ्र जानकारी गराउनु पर्ने छ सो समस्याको समाधान स्थानीय भू-उपयोग परिषदले गर्नेछ।

## ११. कार्यविधि परिमार्जन तथा संशोधन

यस कार्यविधि अन्तर्गत बनेका नियमहरु स्थानीय भू-उपयोग परिषदले कुनै पनि बेला कारण सहित परिमार्जन तथा संशोधन गर्न सक्ने छ।

**अनुसूचि-१**

**नियम ८ सँग सम्बन्धित**

**<u>भू-उपयोग क्षेत्र वर्गीवरण आधार, मापदण्ड तथा क्षेत्रफल</u>**

**<u>भू-उपयोग क्षेत्र वर्गीकरण आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछन्</u>**

| **१. आवाशीय क्षेत्र** | |
|---|---|
| **वडा नं. १** | भेडाखर्क, सितुबाङ, खलटाकुरा, डाँडागाउँ, माथीगाउँ, तलिगाउँ, बल्ले, दाङचुङ्ग, दहभागे, लग्र, बोकसीथला, लेखपाखा, चाक्लेकात्ना, फुलिका किमगैरा, काफलेगैरा |
| **वडा नं. २** | सिम्रतु, पेदिखेत, बर्खेटाकुरा, डाँडा, जुम्लेपोखरी, बिमैचा तलिगाउँ, बिमैचा माथिगाउँ, स्यानाखर्क, बेतखोला, उन्याचौर, चिनछ्रे, गैरीनेटा, करेली खोरिया, बाँदरपानी, पानीगैरा, सुवेगैरी |
| **वडा नं. ३** | भिडारी, काउलेचौर, चोरमारे, धैरेणी, लिवाङ्ग, पनाली गैरा, डाँडा कम्द पूर्णगाउँ, बटाकुरा, कुल्सिबाङ्ग, मालेबाछा, डाप्का गाउँघर, खारानेटा, ज्यामिरेबोट, लाखुरी डाँडा, हर्लेखारा, ज्यामिरे , दहबाङ्ग, झुल्नेटा, हाइबाङ्ग, सल्लेरी डाँडा दया, बसेरा खौला राङचेव, हम्पाल, कुरल दुवेरी |
| **वडा नं. ४** | सिम्रतु, लामाखेत, ज्यालङ्गा, पूर्णखारा, छोटेकाँडा, कालिमाटी, पोखरी सडक, ओलीडेरा, खुम्चेरी, दम्दु, डलसिंगे सडक, खुम्चेरी लाइत सडक खण्डको ५०० मिटर दायाँ बायाँको क्षेत्र, परम्परागत बस्ति रहेको र ग्रामिन कृषि सडकको ३०० मिटर दायाँ बायाँको क्षेत्र<br>माथि उल्लेखित सडक खण्ड भित्रका दायाँ बायाँ आवासका रुपमा प्रयोग भएका भवन, घर, टहरा वा सो भएको जग्गा, व्यक्तिगत घर र सो सँग जोडिएका वा ग्यारेज आँगनले चर्चेको जग्गा, मनोरञ्जन स्थल लगायतको जग्गा, गोठ, चर्पि, करेसाबारी, बगैचा लगायतले चर्चेको जग्गा साथै भौतिक पूर्वाधार सडक, विद्युत, खानेपानी आदि क्षेत्र भएको जग्गाहरु आवाशीय क्षेत्र मानिने । |
| **वडा नं. ५** | लामाखेत- जिबाङ्ग- झारसादी- लाममेला सडक खण्ड<br>कुनबाङ्ग- चौखीढुङ्गा- सागरमोड- सडक खण्ड<br>वडा कार्यालय- झुल्का- डाँगीटोल- अन्तर खोरिया- हाइरु- मजवडाँडा सडक खण्ड<br>सागरमोड गाउँ- लाईत- डलसिंगे सडक खण्ड<br>तमाकछ्रे- हाइरु सडक खण्ड<br>तमाकछ्रे — गलगले सडक खण्ड<br>स्यानधारी- मुल- लाईत स्कुल- चिप्लेपत्थर सडक खण्ड<br>बागपाइला- लाईत- देउताथान- स्थान सडक खण्ड<br>उपल्डेरा- दमाईटोल- खाली सडक खण्ड<br>मौरीवास- नौधारी डाँडा, सिम्रुतु- घोरनेटी, गाउँ- जेबाले घोरेटो बाटो<br>माथि उल्लेखित सडक खण्ड भित्रका दायाँ बायाँ ५०० मिटर भित्रका आवासका रुपमा प्रयोग भएका भवन, घर, टहरा वा सो भएको जग्गा, व्यक्तिगत घर र सो सँग जोडिएका |

| | |
|---|---|
| | वा ग्यारेज आँगनले चर्चेको जग्गा, मनोरञ्जन स्थल लगायतको जग्गा, गोठ, चर्पि, करेसाबारी, बगैचा लगायतले चर्चेको जग्गा साथै भौतिक पूर्वाधार सडक, विद्युत, खानेपानी आदि क्षेत्र भएको जग्गाहरु आवाशीय क्षेत्र मानिने । |
| **वडा नं. ६** | राप्ति लोकमार्ग आसपास क्षेत्र, जम्लेसल्ली, अदुवाडाँडा, रातापोखरा कृषि सडक, खारानेटा, बिता मुरु सडक क्षेत्र, सिता सिर्जना मार्ग, कराक्जा खोला कृषि सडक, मुलाखोला बिता सडक, झुल्नेटा बाँठाकोट सडक, पोखरी घोरेढुङ्गा तल्लो बिता सडक<br>माथि उल्लेखित सडक खण्ड भित्रका दायाँ बायाँ ५०० मिटर भित्रका आवासका रुपमा प्रयोग भएका भवन, घर, टहरा वा सो भएको जग्गा, व्यक्तिगत घर र सो सँग जोडिएका वा ग्यारेज आँगनले चर्चेको जग्गा, मनोरञ्जन स्थल लगायतको जग्गा, गोठ, चर्पि, करेसाबारी, बगैचा लगायतले चर्चेको जग्गा साथै भौतिक पूर्वाधार सडक, विद्युत, खानेपानी आदि क्षेत्र भएको जग्गाहरु आवाशीय क्षेत्र मानिने । |
| **वडा नं. ७** | कुरल, राजकोट, जरलेठाना, मेलपोखरी, च्यानटाकुरा, जथाबाङ्, तलिगाउँ, रयेजपाले, माथिगाउँ, भुर्तिवाङ्ग, राउटेबारा, बारधार्ने, नयाँ बस्ती, लाछिकोट, स्याला, पायरकोट<br>पितिबाङ्, डाँगीमोड, पेदिखेत सडक<br>मुरुडाँडा — सिम्रुतु सडक, बारधार्ने जुम्लाबाङ्ग सडक, सिम्टारी ओढार भुर्तिवाङ्ग राउटेवार सडक, राउटेबारा काउलेचौर भुर्तिवाङ्ग सिम्रुतु कुरल सडक, मुरुडाँडा भुर्तिवाङ्ग सडक, जोगिटाकुरा कोचेरी च्यानटाकुरा सिम्रुतु पेतिखेत जथावाङ् चाख्लीबाङ्ग राजकोट मेलपोखरी सडक खण्ड, मर्फुडाँडा देखि स्याला च्यानटाकुरा पाथरकोट सडक खण्ड<br>माथि उल्लेखित सडक खण्ड भित्रका दायाँ बायाँ ५०० मिटर भित्रका आवासका रुपमा प्रयोग भएका भवन, घर, टहरा वा सो भएको जग्गा, व्यक्तिगत घर र सो सँग जोडिएका वा ग्यारेज आँगनले चर्चेको जग्गा, मनोरञ्जन स्थल लगायतको जग्गा, गोठ, चर्पि, करेसाबारी, बगैचा लगायतले चर्चेको जग्गा साथै भौतिक पूर्वाधार सडक, विद्युत, खानेपानी आदि क्षेत्र भएको जग्गाहरु आवाशीय क्षेत्र मानिने । |
| **वडा नं. ८** | पैराटा, ढुङ्गेधर, मा.वि. पेउघा, मान्टुरा सडक, च्यानटाकुरा, ग्याङ्ना पेदिखेत सडक, कोल्टीवाङ्, पेदिखेत सडक, मर्फु ईन्द्र सडक, भेरीपोखरा पनाईली जरेपानी सडक, कुरेपानी घर्ति गाउँ देउपन्ना सडक<br>माथि उल्लेखित सडक खण्ड भित्रका दायाँ बायाँ ५०० मिटर भित्रका आवासका रुपमा प्रयोग भएका भवन, घर, टहरा वा सो भएको जग्गा, व्यक्तिगत घर र सो सँग जोडिएका वा ग्यारेज आँगनले चर्चेको जग्गा, मनोरञ्जन स्थल लगायतको जग्गा, गोठ, चर्पि, करेसाबारी, बगैचा लगायतले चर्चेको जग्गा साथै भौतिक पूर्वाधार सडक, विद्युत, खानेपानी आदि क्षेत्र भएको जग्गाहरु आवाशीय क्षेत्र मानिने । |
| **वडा नं. ९** | वैरागी ठाँटी, पेदिखेत, नुवाकोटडाँडा सडक, चौतारा कोलडाँरा सडक, चौतारा माझगाउँ रिठा रुख सडक, चौतारा देउपूर्णा सडक, सेति पोखरी नालेचौर वराडारा चिन्तु सडक, |

| | |
|---|---|
| | झुल्नेटा नुवाकोट सेती पोखरी टोट्के सडक, ए.वि.सी. मोड गैरीखेत डाराखाली सडक, सालघारी हर्लावोट कोलडाँरा चौतारा सडक, भेरीबाखे फल्लेघर भोटेखोपा सडक क्षेत्र ।<br>माथि उल्लेखित सडक खण्ड भित्रका दायाँ बायाँ ५०० मिटर भित्रका आवासका रुपमा प्रयोग भएका भवन, घर, टहरा वा सो भएको जग्गा, व्यक्तिगत घर र सो सँग जोडिएका वा ग्यारेज आँगनले चर्चेको जग्गा, मनोरञ्जन स्थल लगायतको जग्गा, गोठ, चर्पि, करेसाबारी, बगैचा लगायतले चर्चेको जग्गा साथै भौतिक पूर्वाधार सडक, विद्युत, खानेपानी आदि क्षेत्र भएको जग्गाहरु आवाशीय क्षेत्र मानिने । |
| **वडा नं. १०** | बैरागीठाँटी नुवाकोटडाँडा सडक, भयाराथान सालघारी खण्डारा सडक, साझारुख भम्के वरनेटी टोट्के सडक, शिव मन्दिर भम्के सडक, झारपोखरा भानीपोले टोट्के गोगनपानी सडक, भानीपोले बरनेटी भयाराथान सडक, गैरीछेनी धुम त्रिशुले सडक र कैइनेखोला खिरबोट सडक क्षेत्र।<br>माथि उल्लेखित सडक खण्ड भित्रका दायाँ बायाँ ५०० मिटर भित्रका आवासका रुपमा प्रयोग भएका भवन, घर, टहरा वा सो भएको जग्गा, व्यक्तिगत घर र सो सँग जोडिएका वा ग्यारेज आँगनले चर्चेको जग्गा, मनोरञ्जन स्थल लगायतको जग्गा, गोठ, चर्पि, करेसाबारी, बगैचा लगायतले चर्चेको जग्गा साथै भौतिक पूर्वाधार सडक, विद्युत, खानेपानी आदि क्षेत्र भएको जग्गाहरु आवाशीय क्षेत्र मानिने । |
| **२. ब्यवसायिक क्षेत्र** | |
| **वडा नं. १** | माथिगाउँ, तलिगाउँ, बल्ले, दाङचुङ्ग, दहभागे आसपासको क्षेत्र |
| **वडा नं. २** | सिम्रुतु, पेदिखेत, बिमैचा विद्यालय आसापासको क्षेत्र, गैरीनेटा विद्यालय आसपासको क्षेत्र, बाँदरपानी सर बाटो आसपासको क्षेत्र |
| **वडा नं. ३** | खौला, झुल्नेटा, सतिपोले, खारानेटा |
| **वडा नं. ४** | सिम्रुतु लामाखेत, सल्लीडाँडा, डलसिंगे सडक खण्डको दायाँ बायाँ १०० मिटर, ज्यालङ्गा, खुम्चेरी, पोखरी, थारेघर, छोटेकाँडा |
| **वडा नं. ५** | लामाखेत- जिबाङ्ग-लाममेला- डलसिंगे सडक खण्ड<br>बागपाइला- लाईत- जिबाङ्ग- मजवडाँडा सडक खण्ड<br>यी माथि उल्लेखित सडक खण्ड भित्रको २०० मिटर क्षेत्रभित्रको व्यवसायिक खरिद विक्रि कारोबार हुने जग्गा व्यवसायिक क्षेत्र हुनेगरी । |
| **वडा नं. ६** | रास्ति लोकमार्ग भित्रको झुल्नेटा- सतिपोले- खारानेटा, झुल्नेटा मुरु सडकको बागखोर, खारानेटा- विता- इयामखोला सडक, सिता सिर्जना मार्गको भित्रको २०० मिटर क्षेत्रभित्रको व्यवसायिक खरिद विक्रि कारोबार हुने जग्गा व्यवसायिक क्षेत्र हुनेगरी । |
| **वडा नं. ७** | मेलपोखरी, तलिगाउँ, माथिगाउँ, राजकोट पर्यटन क्षेत्र, जरेलठाना |
| **वडा नं. ८** | भेरी पोखरा, कोलबोट, ठारालेख, पूर्णागाउँ, पेदिखेत, गोटबाङ, ग्याङ्ना |
| **वडा नं. ९** | मान्टुरा, टुनिबोट, चौतारा, नुवाकोट डाँडा, सेति पोखरी क्षेत्र । |

| | |
|---|---|
| **वडा नं. १०** | भयाराथान गैरीखेत र मान्टुर क्षेत्र, गैरीछेना र टोट्के क्षेत्र |
| **३. औद्योगिक क्षेत्र** | |
| **वडा नं. १** | अन्तरदोकान आरन उद्योग, कामडेरा आरन उद्योग, आगनबोट आरन उद्योग, घरेलु उद्योग भएको क्षेत्र |
| **वडा नं. २** | सिम्रुतु आसपास क्षेत्र |
| **वडा नं. ३** | झुल्नेटा, खारानेटा, कुरलचौर |
| **वडा नं. ४** | सिम्रुतु लामाखेत, डलसिंगे सडक खण्डको खुम्चेरी क्षेत्र |
| **वडा नं. ५** | पिपलबोट, घोरनेटी, लाईतखोला चौर भित्रको जग्गाको क्षेत्र। |
| **वडा नं. ६** | दहबाङ्ग, बिताडाँडा, सतिपोले |
| **वडा नं. ७** | मेलपोखरी एकेले पुज्ने, तलिगाउँ, लाछिकोट |
| **वडा नं. ९** | टुनिबोट, चौतारा, नुवाकोट डाँडा, सेति पोखरी, नालेचौर क्षेत्र । |
| **वडा नं. १०** | गैरीखेत क्षेत्र। |
| **४. वन क्षेत्र** | |
| **वडा नं. १** | स्याला, उकाला, स्याला माथिगाउँ, ठाडाखोला, दमार, चम्फापुल, सल्लेरी जुरढले, रातामाटा, काप्रेडाँडा, ठूला गैरा, धुपिगण्ठा, मदारे, चम्फाफूले आदि |
| **वडा नं. २** | सिरुडाँडा, सालघारी, घनाखोला, सिद्धपोखरी, झालपोखरी, सल्लेरी बेतुखोले खोला, सिमलगैरा, बेतखोला खरीगैरा, सागिनि गैरा, दल्गीनि गैरा, पानीगैरा, रातामाटा, रानीवन, सल्लेरी, माझडाँडा |
| **वडा नं. ३** | लार्दा सल्लेरी, पिपल चौतारी, देवी स्थल मुनाल, जनजागरण, हरियाली बागखोर |
| **वडा नं. ४** | गरुढबस्ने, रज्याज्या, बाघखोर, चुल्लासे, पन्यारा, कालीमाटी, कालापोखरा, तल्लो ओखेरेनी, वेथिनी, रानीवन क्षेत्र |
| **वडा नं. ५** | ऐरेनी, झाँक्रीपानी, पुरानपानी, गोगनपानी, अँधेरीगैरा, घट्टेखोला, भोकाधुरी, पातीहाल्ना आदि जग्गा भित्रको क्षेत्र। |
| **वडा नं. ६** | स्यार्वास सामुदायिक वन, पतेरी वन, खोरीयाखोला सामुदायिक वन, ठारीखोला सामुदायिक वन, लालीगुरास सामुदायिक वन, ठूला गैरा सामुदायिक वन, सल्लाघारी सामुदायिक वन, भयारा छरा वन, कराक्जा सल्लेरी वन |
| **वडा नं. ७** | झाग्री पानी, सिश्नेरी, सल्लीडाँडा, थारमारे, राजकोट, सिद्धमहिला, भुर्तिबाङ्ग, बाह खोला, बारधार्ने, पतेरिका सामुदायिक वनहरु, मेलपोखरी राष्ट्रिय वन |
| **वडा नं. ८** | देउपन्ना सामुदायिक वन, मेलचौर सामुदायिक वन, जरेपानी सामुदायिक वन, गुरगुरे सामुयिक वन। |
| **वडा नं. ९** | कोलमारे, रत्नीमारे, भुसकुरा, मेलचौर क्षेत्र। |
| **वडा नं. १०** | काला भिर, दार्वेखोला, सिरुगैरा, ठूलाभिर, सालघारी, भुम्केखोला, लेकाली, गायाधारा, कलमबोट । |

| | |
|---|---|
| **५. नदी, खोला, ताल, सिमसार क्षेत्र** | |
| **वडा नं. १** | बल्ले खोला, भेडाखर्क खोला, दाङचुङ खोला सिन्तुबाङ्ग खोला, कोरबाङ्ग खोला, खाल्टी खोला, ठूला खोला, साना खोला, बगाले खोला, वग्र खोला, पेदी खोला, दहभागे पोखरी, गुवा खोला, लग्र खोला |
| **वडा नं. २** | वेतखोले खोला, लसुने खोला १, लसुने खोला २, पानीगैरे खोला, कोरावाङ खोला, खाराखोला, मुरुखोला, रुँघाखोला, त्रिवेणी खोला, ठूला पोखरी, तल्लो बिमैचा पोखरी, बोरा पोखरा |
| **वडा नं. ३** | उमखोला, दयाखोला, खाराखोला, हम्पालखोला, सुकीदह ताल, चौरमारे, काउलेचौर, धैरेणी, पनाली खेत, पुतलीबास, ज्यामितरा, छरीखोला |
| **वडा नं. ४** | बासेखोला, तालाखोला, खाराखोला, बस्नेखोला, पोखरी खोला, झाखाङखोला |
| **वडा नं. ५** | भालजुला खोला, छरा खोला, दोपाई खोला, झारबाङ्ग खोला, लाईत खोला, कुनबाङ्ग खोला, जिबाङ्ग खोला, बाँसखोला, घट्टेखोला, गेलमाथि खोला, नौधारीखोला, पाखेपानी खोला आदिले चर्चेको जग्गा भित्रको क्षेत्र। |
| **वडा नं. ६** | टर्कने खोला, धौलावाङ्ग खोला, कोचेरी खोला, मुरुखोला, बिताखोला, छानीखोला, भिङग्री खोला, कराक्जा खोला, रुपेछरा खोला, धरवाङ्ग खोला, न्वारखोला, भयरा छरा खोला, खोरेखाला , पतेरी खोला, ढारखोला |
| **वडा नं. ७** | पातले खेत, स्थौला खेत, मुरुखोला खेत, घटेतारा खेत, मसान घाट खेत, मुरुखोला, पेउघा काडागे खेला, कोचेरी खोला, खालीखोला । |
| **वडा नं. ८** | भेरी खोला, सिस्नेखोला, गुरगुरे खोला, ग्याङ्ना खोला, गरेना खोला, जुगेपानी पधेरी खोला, काला खोला, ताउलेरह खोला, पानी खोला, जरेपानी खोला |
| **वडा नं. ९** | पातेखोला, ठाराखोला, भित्रिखोला, डाङगे, सिस्ने, त्रिसिङ्ग खोला, गराखोला, कइनखोला, दमाईधारा, लिले, वगमारे, जुगेपानी, डम्फले वगर खोला, पनेरी खोला, आसामारे, झारपोखरी, गैरी, कलम बोट, पूर्णापानी, कुरीखोला, पैरा खोला क्षेत्र। |
| **वडा नं. १०** | पेउघाखोला, कयनखोला, भुम्केखोला, पधेरीखोला, सिमतारेखोला, कलेरीखोला, विउरेखोला, पटारेखोला र मछाइने खोला। |
| **६. पुरातात्विक महत्वको क्षेत्र** | |
| **वडा नं. १** | मन्दिर काप्रेडाँडा, खानीगुफा, भगवती मन्दिर तलिगाउँ, बल्ले कुल देवताको मन्दिर, तिनबैनी पुज्ने थान, बराहा थान मन्दिर, चित्रलेखि कुलदेवता बल्ले सिद्ध थान, कुल पुज्ने मन्दिर दहभागे, लेख बराहथान, गुमार धुरी बराहथान, मस्ट कुल देवता, मन्दिर मण्डली मस्ट थान, शिव मन्दिर भेडाखर्क, कुल पुजा मन्दिर दाङचुङ्ग, लग्र कुलपुजा मन्दिर, दाहाल कुलपुजा मन्दिर, लग्र बाहुन टोल थान, गोसाइ बुबु मन्दिर, पितर थान |
| **वडा नं. २** | सिम्रुतु शिव मन्दिर, सानो डिग्रे, बराथान धुरीचौर, खानीडाँडा भोटे बस्ने गुफा, खलेखानी धुरी, बारकोटे धुरी, ओराल रुपेय, तिनवैनी पुज्ने थान, भेद टाकुरा, बरा पुज्ने बाँदरपानी, घनाखोला देउति थान, कुल मन्दिर बिमैचा, कुल पुज्ने मन्दिर बर्खेटाकुरा, कुल मन्दिर |

| | |
|---|---|
| | उन्याचौर, गैरीनेटा मेला, सिम्रुतु खोलाजात्रा, बुरागाउँले पुज्ने थान बेरुवोट |
| **वडा नं. ३** | सुकिदह, झानखानी, खारानेटा |
| **वडा नं. ४** | सिद्धमन्दिर, उदिन ढुङगा, थारेघर, खुम्चेरी देवस्थल, वराथान, भेडडाँडा देवस्थल, कामीडेरा देवस्थल, तिनवैनी थान, खुम्चेरी मोष्ट कुलपुजा |
| **वडा नं. ५** | पातिहाल्ना ब्रराहथान, ब्रमाहथान चनारा, सिद्धमन्दिर दबाङ्ग, घोरनेटी मेला, बराहथान तलिगाउँ, गामालेखी बराह, सिद्धथान लाईत, दुर्गादेवि मन्दिर लाईत, गेलमाथि गुफा, तामाखानी गुफा, मष्टाथान, भुमुकखोला गुफा, रास्केटोटका गुफा । |
| **वडा नं. ६** | जनयुद्ध संग्राहलय धुमविर, झनखानी गुफा, ठारखोला गुफा, खामेधुरी खन्डाँडा |
| **वडा नं. ७** | जोगिटाकुराको मितेरी सङग्रालय, **मर्क भगवति मन्दिर** राजकोट क्षेत्रका महाकाली, शिव, सिहे, गणेश मन्दिर, अमर स्तम्भ, बराह मन्दिर, शिव मन्दिर, कुरल कृष्ण मन्दिर, मरटाथान सिद्ध, गणेश गुफा पितरको थान एकले पुज्ने आदि |
| **वडा नं. ८** | माईका थान, गोठबाङ् कुल मन्दिर, देउपन्ना कुलको मन्दिर, ठारालेख कुल मन्दिर, पेउघाली पितरको थान, काउलाबोट कुलको थान, बराह थान, डाँरपोखरी लुलुङ्ना कुलको थान, चौखे कुलको मन्दिर । |
| **वडा नं. ९** | शिव मन्दिर, रुप्से मन्दिर, चन्दन नाथ मन्दिर, बागेश्वरी मन्दिर, माइभगवति मन्दिर, भयार देउता थान, माझगाउँ मोष्ठ, नालेचौर दारेमोष्ठ, ब्रहा थान, बर्मा थान, नालेचौर चित्रलेखि क्षेत्र । |
| **वडा नं. १०** | वुराटाकुरी मोष्टा थान, भुम्के मोष्टा थान शिद्ध गुफा, शिव मन्दिर, विउरेखोला पूर्वे थान, ग्वालटाकुरी, मालडारा नारायन थान, रातामाटा मसानघाट, टाकुरा बर्माको थान, गैरीछेर्नी खुकुरे बर्माथान, बौलाखर्क नारायण थान, मोष्ट कुल पुजा भानीपोले, बरेनेटी माइकाथान |
| **७. सार्वजानिक उपयोगको क्षेत्र** | |
| **वडा नं. २** | सिम्रतु बिमैचा बेतखोला सडक बाटो, सिम्रतु स्यानखर्क, सिम्रतु बाँदरपानी, दहभागे बाँदरपानी सुपेगैरी, सिम्रतु खेल मैदान, सिम्रुतु क्याम्पस, सिम्रुतु मा.वि. , बर्खेटाकुरा, बिमैचा बालविकास केन्द्र, पोखरागैरा, पिपलनाथ बिमैचा, बालविकास, बेतखोला , गैरीनेटा विद्यालय, स्वास्थ्य इकाई गैरीनेटा, खानेपानी अफिस बाँदरपानी, गाउँघर किल्नीक बिमैचा, सामुदायिक भवन स्यानाखर्क, गाउँघर किल्नीक गैरीनेटा, प्रहरी चौकी, स्वास्थ्य चौकी, पशु सेवा, विधुत अफिस, सिम्रुतु मसानघाट, दमैखोला मसानघाट, पेदिखेत मसानघाट, सिम्रुतु बर्थिक सेन्टर |
| **वडा नं. ३** | सुकिदह, झुल्नेटा, खारानेटा |
| **वडा नं. ४** | गैरछेर्नी सहिदपार्क, रानीवन, खेलमैदान, कुट्टीखोला, खेलमैदान, पूर्णखारा |
| **वडा नं. ५** | कुनबाङ्ग पोखरी, बाखोर पोखरी, सिमचौर, दाङबाङ पोखरी, लाइत खोला चौर, लाइत मुलाखोला पोखरी, आँखीरिङ्ने पोखरी, तमकछ्रे पोखरी, झारसाँदी पोखरी, गर्नेटी पोखरी, हाइरु पनेरा, मौरीबास पिपल रुख, दबाङ्ग पोखरी, चिप्लेपत्थर पोखरी, दुवा पोखरी, श्री जनस्थापना आ.वि लाईत, श्री नमुना आ.वि तमकछ्रे, श्री विद्याविकास मा.वि जिबाङ्ग, लाईत खोला खेलमैदान स्थल, |

| | |
|---|---|
| | यी माथि उल्लेखित क्षेत्रले ओगेटेका जग्गाले चर्चेका जग्गाहरुलाई सार्वजानिक उपयोगको जग्गाको क्षेत्र । |
| **वडा नं. ६** | दहबाङ्ग खेलमैदान, झुल्नेटा पानी ट्याङकी क्षेत्र |
| **वडा नं. ७** | श्री साधारण मा.वि मुरुडाँडा, शारदा नमुना आधारभूत विद्यालय दुरपति डाँडा, बालकल्यान आ.वि लाछिकोट, बालबोध आ.वि भुर्तिवाङ्, बाल आदर्श आ.वि बारधार्ने, बालकल्यान आ.वि कुरलले चर्चेको जग्गा  मर्पुटाकुरा बागेश्वरी मन्दिर, बालकल्यान आ.वि लाछिकोटको बालबोध आ.वि भुर्तिबाङ्गका नाममा रहेको जग्गा, पूरानो गाविस भवन, स्वस्थ्य भवन, बालकल्यान आ.वि लाछिकोट को नाममा रहेको जग्गा चोतावारी, बालबोध आ.वि भुर्तिवाङ्गको नाममा रहेको जग्गा किता २ वकृहाल्ने र हिमखोर |
| **वडा नं. ८** | सामुदायिक भवन, माईको थान, बाद्ने मन्दिर । |
| **वडा नं. ९** | मान्टुरा, टुनिबोट, चौतारा, माझगाउँ, नुवाकोट डाँडा, सेतिपोखरी, नालेचौर, चिन्तु, वडाडाँरा, भुइटाकुरा, कासपोखरी, देउपूर्णा, डाराखाली, तिलछ्रे, पनेरी खोला क्षेत्र । |
| **वडा नं. १०** | भयाराथान, गैरीखेत, मान्टुरा, पिपलबोट |
| **८. खानी तथा खनिज क्षेत्रः** वडा नं. ६ खानडाँडा | |
| **९. कृषि क्षेत्र** | |
| **वडा नं. १** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको  क्षेत्र ८.खानी तथा खनिज क्षेत्र  बाहेको अन्य क्षेत्र |
| **वडा नं. २** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको  क्षेत्र ८.खानी तथा खनिज क्षेत्र  बाहेको अन्य क्षेत्र |
| **वडा नं. ३** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको  क्षेत्र ८.खानी तथा खनिज क्षेत्र  बाहेको अन्य क्षेत्र |
| **वडा नं. ४** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको  क्षेत्र ८.खानी तथा खनिज क्षेत्र  बाहेको अन्य क्षेत्र |
| **वडा नं. ५** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको  क्षेत्र ८.खानी तथा खनिज क्षेत्र  बाहेको अन्य क्षेत्र |

| | |
|---|---|
| **वडा नं. ६** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको क्षेत्र ८.खानी तथा खनिज क्षेत्र बाहेको अन्य क्षेत्र |
| **वडा नं. ७** | कुरल, रिठयाङ, खर्नेटा, जथावाङ्ग, खरिचौर, लाछिकोट, मेलपोखरी, च्यानटाकुरा, तलिगाउँ, रयैजपाले, माथिगाउँ, स्याला, बारधार्ने, पाङरङ, स्यालाखेत, भुर्तिबाङ्ग, राउटेबारा, सादनबोट, पातल, दाङ्बाङ्ग, कोचेरी, लाबाङ्ग, रुमाली बारा, टोलका क्षेत्रहरु पुरानापानी काउले चौर नयाँ बस्ती जस्तैः राउटेवारी खरवारी, च्यानटाकुरा डालाबारी, साउनेपानी डालाबारी, बाजो मैवाघारी, कोचेरी खरवारी, साउनेपानी भन्ने गारो करिबाङ्ग जलडाँडा, ठूला भिर, कोरा भिर, जलेरी घाँस लाछिकोट जग्गा छउछाम चौतावारी डालाबारी वानजोते खरबारी, हिरदिगारे खरबारी वारधार्ने ढलेनी हिमखोर खर |
| **वडा नं. ८** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको क्षेत्र ८.खानी तथा खनिज क्षेत्र बाहेको अन्य क्षेत्र |
| **वडा नं. ९** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको क्षेत्र ८.खानी तथा खनिज क्षेत्र बाहेको अन्य क्षेत्र |
| **वडा नं. १०** | १.आवासीय क्षेत्र, २.ब्यवसायिक क्षेत्र, ३.औद्योगिक क्षेत्र ४.वन क्षेत्र, ५.नदी, खोला, ताल, सिमसार क्षेत्र ६.पुरातात्विक महत्वको क्षेत्र ७.सार्वजानिक उपयोगको क्षेत्र ८.खानी तथा खनिज क्षेत्र बाहेको अन्य क्षेत्र |

**अनुसूची-२**
**नियम ९ को उपनियम (ख) सँग सम्बन्धि**
**भु-उपयोग क्षेत्र परिवर्तन गर्नका लागि दिने निवेदनको ढाँचा**

मिति२०../..../

श्री ..........................ज्यू ,
श्री त्रिवेणी गाउँपालिका भु-उपयोग परिषद्
त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
सिम्रुतु खारनेटा रुकुम (पश्चिम) ।

विषयः भु-उपयोग क्षेत्र परिवर्तन गरी पाउँ

महोदय,

म/मेरो हकभोगमा त्रिवेणी गाउँपालिका वडा न. .......स्थित................मा रहेको कित्ता न. ......को ..........क्षेत्रफल भएको जग्गा भु-उपयोग ऐन २०७६ र भु-उपयोग कार्यविधी २०७९ बमोजिम......... क्षेत्रमा वर्गिकरण भएकोमा देहायको आधार र कारणले ...........भु-उपयोग क्षेत्रमा परिवर्तन गर्न निम्न अनुसारको कागजात संलग्न गरी यो निवेदन गरेको छु /छौं।

**आधार र कारणः**

१
२
३
४

**निवेदकः**
दस्तखतः
नामः
संस्था भए दर्ता प्रमाणपत्र नं.
व्यक्ति भए नागरिकता प्रमाणपत्र नं.
ठेगानाः

**संलग्न कागजातहरु**

१ जग्गाधनी दर्ता प्रमाणपुर्जा ।
२ ट्रेश नक्सा ।
३.नागरिकता प्रमाणपत्र/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४.भु-उपयोग क्षेत्रमा वर्गिकरण भएको व्यहोरा खुल्ने कागजातको प्रतिलिपि।

**आज्ञाले**
**प्रेम बहादुर घर्ती**
**प्रमुख प्रशासकीय अधिकृत**